# नेपाल सरकार
# सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सिंहदरबार, काठमाडौं

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः– सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।

सूचना सार्वजनिक गरेको अवधिः– २०७२।१०।१ देखि २०७२।१२।३० सम्म

## १. निकायको स्वरुप र प्रकृतिः–

गरिवीलाई न्यून गर्दै लैजाने र अन्ततः विश्वबाट नै गरिवी हटाउने उद्देश्यकासाथ सहश्राब्दी विकास लक्ष्य र सार्क विकास लक्ष्य समेतलाई दृष्टिगत गरी नेपाल सरकारका आवधिक योजनाहरुले गरिवी न्यूनिकरणलाई नै पहिलो प्राथमिकतामा राखेकोले गरिबी निवारण सम्बन्धी विचिन्न निकायबाट संचालन भैरहेका कार्यक्रम बीच संयोजन र समन्वय कायम गर्न तथा सहकारी मार्फत गरिबी निवारणका कार्यक्रमलाई परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने उद्देश्यलाई अंगिकार गरी सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भएको हो । साथै नेपाल सरकारले अन्तरिम संविधान लगायत आफ्नो नीति, वार्षिक बजेट तथा आवधिक योजना मार्फत सहकारीलाई आर्थिक विकासको एक प्रमुख स्तम्भको रुपमा विकास गरी आर्थिक बृद्धि हासिल गर्ने उद्देश्य लिएको छ । सरकार, सहकारी र नीजी क्षेत्रको संयोजनबाट मात्र आर्थिक तथा सामाजिक विकास गर्न सकिन्छ भन्ने कुराको आत्मसात गर्दै विभिन्न मन्त्रालयहरु र निकायहरुले संचालन गर्ने गरिवी निवारण सम्बन्धी कार्यक्रमहरुको समुचित समन्वय गर्ने उद्देश्यका साथ नेपाल सरकार (मं.प.) को मिति २०६९।२।५ को निर्णयले सहकारी तथा गरिबी निवारण मन्त्रालयको गठन भएको हो ।

### (क) दृष्टिकोणः

सबल र सक्षम सहकारी प्रणाली सहितको गरिबीमुक्त नेपाल समाज ।

### (ख) ध्येयः

राष्ट्रिय अर्थतन्त्र र गरिबी निवारणमा योगदान बढाउने गरी सहकारी प्रणालीको सबलीकरण गर्ने एवं गरिबी न्यूनीकरणको कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

### (ग) उद्देश्यः

- समूदायमा रहेको आर्थिक एवं सामाजिम पूँजीको अधिकतम उपयोग हुने गरी सहकारीको विकास, विस्तार र प्रबर्ध्न गर्ने ।
- सन् २०१७ सम्ममा गरिबीको रेखामूनी रहेको जनसंख्या १८ प्रतिशतमा ल्याउने राष्ट्रिय लक्ष्य प्राप्त गर्न सहयोग गर्ने ।

**२. निकायको काम, कर्तव्य र अधिकारः–**

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०६९।०२।०५ को निर्णयानुसार नेपाल सरकार कार्य विभाजन (संसोधन सहित) नियमावली २०६६ स्विकृत भए अनुरुप सहकारी तथा गरिबी निवारण मन्त्रालयको का र्य निम्नानुसार रहेको छ ।

१. सहकारी र गरिबी निवारणसम्बन्धी नीति , योजना तथा कार्यक्रमको तर्जुमा , कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. सहकारी सङ्घ संस्थाको विकास, सुदृढिकरण र नियमन,
३. सहकारी र आर्थिक विकास,
४. सहकारीको प्रवर्द्धन र संरक्षण,
५. अन्तराष्ट्रिय सहकारी संगठन सम्बन्धी विषय,
६. अन्तराष्ट्रियस्तरमा सहकारी संस्थाको प्रवर्द्धन र विकास,
७. सहकारी बचत तथा ऋण लगानी सम्बन्धी विषय,
८. सहकारी र गरिबी निवारणसँग आबद्ध संघसंस्थाको अनुगमन, रेखदेख र नियमन,
९. सहकारी रकमको लगानी,
१०. सहकारी र गरिबी निवारणसम्बन्धी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको समन्वय , अनुगमन र मूल्याङ्कन,
११. सहकारी र गरिबी निवारणसँग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय,
१२. सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरिबको पहिचान,
१३. सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रबद्र्धन , कामको समन्वय, अनुगमन र मूल्याङ्कन,
१४. सहकारी र गरिबी निवारणसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण,
१५. सहकारीसम्बन्धी क्षमता अभिवृद्धि,
१६. सहकारी र गरिबी निवारणसम्बन्धी आयोजनाको संभाव्यता अध्ययन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
१७. सहस्राब्दी विकास लक्ष्य (गरिबी निवारणसम्बन्धी),
१८. राष्ट्रिय सहकारी विकास बोर्ड,
१९. सहकारी संघ–संस्था ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

**(क) दरबन्दी विवरण**

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | कुल कायम हुने दरबन्दी |
|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ट | | | १ |
| २. | सह–सचिव | रा.प.प्र. | प्रशासन | | २ |
| ३. | उप–सचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ६ |
| ४. | उप–सचिव (कानून) | रा.प.द्वि. | न्याय | कानून | १ |
| ५. | उप–सचिव (लेखा) | रा.प.द्वि. | प्रशासन | लेखा | १ |
| ६. | तथ्याङ्क अधिकृत | रा.प.द्वि..(प्रा.) | ने.आ.यो.तथा तथ्याङ्क | जनरल स्टा. | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | १० |
| ८. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | २ |
| ९. | अर्थ विज्ञ | रा.प.तृ. (प्रा.) | कृषि सेवा | ए.इ.मा.एण्ड स्टा | १ |
| १०. | कम्प्युटर अधिकृत | रा.प.तृ. (प्रा.) | विविध | | १ |
| ११. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ११ |
| १२. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | २ |
| १३. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ४ |
| १४. | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | सा.प्र. | ३ |
| १५. | सह–लेखापाल | रा.प.अनं.द्वि. | प्रशासन | लेखा | १ |
| १६. | हुलका सवारी चालक | श्रेणी विहिन | इन्जि | जन.मेकानिक | ६ |
| १७. | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ९ |
| | जम्मा | | | | ६२ |

## (ख) कर्मचारी विवरण

| क्र.सं. | पद | नाम | महाशाखा/शाखा | कार्यालय नं. | मोवाईल नं. |
|---|---|---|---|---|---|
| १. | सचिव | श्री शंकर प्रसाद अधिकारी | | ४२११८६० | ९८५११२४७५३ |
| २. | सह–सचिव | श्री सुरेश प्रधान | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४१३९९७५२ |
| ३. | सह–सचिव | श्री काशीनाथ मरासिनी | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | |
| ४. | उप–सचिव | श्री बिजुकुमार श्रेष्ठ | सहकारी प्रवद्र्धन शाखा | ४२००७९० | ९८४१२२३१६६ |
| ५. | उप–सचिव | श्री भरतप्रसाद आचार्य | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६५७ | ९८४१३९९०७२ |
| ६. | उप–सचिव | | योजना तथा नीति तर्जुमा शाखा | ४२११९०६ | |
| ७. | उप–सचिव | श्री शिवप्रसाद रिजाल | मा. मन्त्रीज्यूको कार्यकक्ष (उ.पा.प. काज) | | |
| ८. | उप–सचिव | श्री ज्ञानेन्द्रप्रसाद ढकाल | गरिवी निवारण शाखा (अ.दु.अ.आ.काज) | ४२०००८० | ९८४१५०७२९८ |
| ९. | उप–सचिव (तथ्याङ्क) | श्री शिवराज न्यौपाने | अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४१४४१९५१ |
| १०. | उप–सचिव (कानून) | श्री भगवान लाल श्रेष्ठ | ऐन नियम तथा परामर्श शाखा | ४२०००७३ | ९८४१३६७५०९ |
| ११. | उप–सचिव (लेखा) | श्री हिरण्य प्रसाद पराजुली | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९७४२०२१८७४ |
| १२. | शाखा अधिकृत | श्री | सहकारी प्रवद्र्धन शाखा | ४२००४२० | |
| १३. | शाखा अधिकृत | श्री धृता कुमारी खत्री | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४८१७४४५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | शाखा अधिकृत | श्री गुणा राई | गरिवी निवारण शाखा | ४२०००८० | ९८४१३६०५२१ |
| १५. | शाखा अधिकृत | श्री नारायण कार्की | योजना तथा नीति तर्जुमा शाखा | ४२००४०६ | |
| १६. | शाखा अधिकृत | श्री गौतम रिमाल | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४१५६४८४२ |
| १७. | शाखा अधिकृत | श्री निलकण्ठ काफ्ले | अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४७५८८०३० |
| १८. | शाखा अधिकृत | श्री कला कुमारी गैरे | गरिवी निवारण शाखा | ४२०००८० | ९८४१९३९०२३ |
| १९. | शाखा अधिकृत | श्री राममणि अधिकारी | सहकारी प्रवद्र्धन शाखा | ४२००४२० | ९८४९६३५३७८ |
| २०. | लेखा अधिकृत | श्री राजन न्यौपाने | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१४३४४०७ |
| २१. | लेखा अधिकृत | श्री बालकृष्ण थापा | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१३८०९३४ |
| २२. | कम्प्यूटर अधिकृत | श्री सनत कुमार न्यौपाने | योजना तथा नीति तर्जुमा शाखा | ४२००४०६ | ९८४१६१५४८० |
| २३. | ना.सु. | श्री सूर्यकुमार श्रेष्ठ | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | |
| २४. | ना.सु. | श्री | सहकारी प्रवर्द्धन शाखा | ४२११४२० | |
| २५. | ना.सु. | श्री राजेश कुमार लम्साल | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४९६९७९६२ |
| २६. | ना.सु. | श्री कृष्णप्रसाद भुसाल | स्टोर | ४२११६३७ | ९८४१७०९८९७ |
| २७. | ना.सु. | श्री चण्डिका कोइराला | सचिवज्यूको निजी सचिवालय | ४२११८६० | ९८४५१२७३८७ |
| २८. | ना.सु. | श्री श्रीप्रसाद तिवारी | मा.मन्त्रीज्यूको निजी सचिवालय | ४२०००५५ | ९८४१४१९१२०८ |
| २९. | ना.सु. | श्री अमृता दुरा | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४९३६२६९५ |
| ३०. | ना.सु. | श्री भरतमणि सापकोटा | अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४९६४५०३० |
| ३१. | ना.सु. | श्री भरतकुमार भण्डारी | योजना तथा नीति तर्जुमा शाखा | ४२००४०६ | ९८४५३७३११० |
| ३२. | लेखापाल | श्री गिरीराज रेग्मी | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१३२३५२६ |
| ३३. | क.अपरेटर | श्री नीरज बलामी | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६३७ | ९८४१६४९९९३ |
| ३४. | क.अपरेटर | श्री महानन्द जोशी | लेखा/स्टोर | ४२११६३७ | ९८४१६४९९९३ |
| ३५. | खरिदार | श्री हरि गोपाल डंगोल | सचिवज्यूको निजी सचिवालय | ४२११८६० | ९८४१२४८३१८ |
| ३६. | खरिदार | श्री बिमला बास्तोला | दर्ता/चलानी | | ९८४९२८७८२६ |
| ३७. | खरिदार | श्री | सहकारी तथा व्यवस्थापन महाशाखा | | |
| ३८. | स.ले.पा. | श्री सुरेन्द्र पोखरेल | लेखा शाखा | ४२००४०६ | ९८४९६७४५०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९. | क. अपरेटर (करार) | श्री प्रतिभा अधिकारी | योजना शाखा | ४२००४०६ | ९८४३०६८८१९ |
| ४०. | ह.स.चा. (करार) | श्री चित्र बहादुर कार्की | योजना तथा नीति तर्जुमा शाखा | | ९८०८५६८५९० |
| ४१. | ह.स.चा. (करार) | श्री रामकृष्ण मानन्धर | सचिवज्यूको सचिवालय | | ९८४३६०५५३६ |
| ४२. | ह.स.चा. (करार) | श्री मिनु गोले | सहकारी तथा व्यवस्थापन महाशाखा | | ९८४११९७८२९ |
| ४३. | ह.स.चा. (करार) | श्री सानुकान्छा श्रेष्ठ | योजना तथा गरिबी निवारण महाशाखा | | ९८४३७२८९२२ |
| ४४. | ह.स.चा. (करार) | श्री सानुकुमार देसार | सहकारी प्रवद्र्धन शाखा | | ९८४३३३४०६४ |
| ४५. | ह.स.चा. (करार) | श्री जितेन्द्र चित्रकार | प्रशासन तथा जनशक्ति विकास शाखा | | ९८६००२५९३६ |
| ४६. | का. स. | श्री होम बहादुर बस्नेत | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४१७८१७१४ |
| ४७. | का. स. | श्री सविना डंगाल | दर्ता÷चलानी | | ९८४१८०७६४० |
| ४८. | का. स. (करार) | श्री कृष्ण बहादुर खत्री | दर्ता÷चलानी | | ९८१८६१३४०७ |
| ४९. | का. स. (करार) | श्री बिमला दुलाल | लेखा शाखा | ४२११५७६ | |
| ५०. | का. स. (करार) | श्री अनुसुईया पौडेल | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | ९८४१०३८५५२ |
| ५१. | का. स. (करार) | श्री दिपा कार्की | सचिवज्यूको सचिवालय | ४२११८६० | ९८४१७५६३५० |
| ५२. | का. स. (करार) | श्री अनु तामाङ | मा.मन्त्रीज्यूको सचिवालय | ४२०००५५ | ९८०३०५१५६६९ |
| ५३. | का. स. (करार) | श्री शशिकला खत्री | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४९४७०५७५ |
| ५४. | का. स. (करार) | श्री किशोर भुजेल | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८६०२९८९५१ |
| ५५. | का. स. (करार) | श्री टिकराज श्रेष्ठ | | | |

## ४. निकायबाट प्रदान गरिने सेवा :–

१. सहकारीको विकास तथा अनुगमन गर्ने ।

२. देशको गरिबीको अवस्था पहिचान गर्न सर्वेक्षण गर्ने ।

३. सहकारीको माध्यमबाट गरिबी निवारणमा सहयोग गर्ने ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी–

**महाशाखा तथा शाखाको कार्यविवरण**

क) सहकारी तथा व्यवस्थापन महाशाखा

- ❖ सहकारी र गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने,
- ❖ सहकारी र गरिबी निवारण सम्बन्धी कानून, नियम तर्जुमा गर्ने,
- ❖ अन्तर्राष्ट्रिय सहकारी संगठनसंग समन्वय र सम्पर्क गर्ने,
- ❖ जिन्सी प्रशासन सम्बन्धी कार्य गर्ने,
- ❖ कर्मचारी प्रशासन सम्बन्धी कार्य,
- ❖ राष्ट्रिय सहकारी विकास बोर्ड सम्बन्धी कार्य गर्ने,
- ❖ सहकारी सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्य,
- ❖ निर्देशित अन्य कार्य ।

**१. प्रशासन तथा जनशक्ति विकास शाखा**

- ❖ आन्तरिक प्रशासन,
- ❖ कर्मचारी प्रशासन सम्बन्धी,
- ❖ स्वदेशी एंव वैदेशिक छात्रवृति, तालिम आदि सम्बन्धी कार्य,
- ❖ तोकिएका अन्य कार्य ।

**२. सहकारी प्रवर्द्धन शाखा**

- ❖ सहकारी शिक्षा, सूचना र तालिम सम्बन्धी,
- ❖ सहकारी संघ संस्थाको प्रवद्र्धन गर्ने सम्बन्धी,
- ❖ सहकारी प्रवद्र्धन सम्बन्धी लक्षित कार्यक्रम संचालन गर्ने,
- ❖ सरकार–सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने,
- ❖ सहकारी संघ संस्थाको सुशासन सम्बन्धी,
- ❖ पुराना संघ संस्था सम्बन्धी कार्य,
- ❖ तोकिएका अन्य कार्य ।

**३. ऐन, नियम परामर्श शाखा**

- ❖ सहकारी ऐन, नियम सम्बन्धी,
- ❖ सहकारी एंव गरिबी निवारण सम्बन्धी संघ संस्थाको मापदण्ड तर्जुमा गर्ने,
- ❖ मन्त्रालय सम्वद्ध ऐन नियमको तर्जुमा,
- ❖ तोकिएका अन्य कार्य ।

**४. आर्थिक प्रशासन शाखा**

- ❖ आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण काम,
- ❖ बेरुजु फछ्र्यौट सम्बन्धी काम,
- ❖ तोकिएका अन्य कार्य ।

## ख) योजना तथा गरिबी निवारण महाशाखा

- ❖ सहकारी र गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको समन्वय, अनुगमन र मूल्यांकन गर्ने,
- ❖ सहकारी संघ संस्थाको विकास, सुदृढीकरण र नियमन गर्ने,
- ❖ सहकारीको प्रवर्द्धन र संरक्षण गर्ने,
- ❖ सहकारी र गरिबी निवारणसंग आवद्ध संघ संस्थाको अनुगमन, रेखदेख र नियमन गर्ने,
- ❖ सहकारी र गरिबी निवारणसंग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय गर्ने,
- ❖ सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरिबको पहिचान गर्ने,
- ❖ सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रव र्धन, कामको समन्वय, अनुगमन र मूल्यांकन गर्ने,
- ❖ सहस्राब्दी विकास लक्ष्य (गरिबी निवारण सम्बन्धी) हासिल गर्ने सम्बन्धी विषय
- ❖ सहकारी संघ संस्थाको अद्यावधिक विवरण तयार गर्ने,
- ❖ निर्देशित अन्य कार्य ।

### १. योजना तथा नीति तर्जुमा शाखा

- ❖ सहकारी एंव गरिबी निवारण सम्बन्धी वार्षिक र अवधिक योजना तर्जुमा,
- ❖ सहकारी एंव गरिबी निवारण सम्बन्धी नीति निर्माण गर्ने,
- ❖ सहकारी संघ संस्थाहरुलाई संचालन तथा पूँजीगत अनुदान सहयोग सम्बन्धी,
- ❖ सहकारी एंव गरिबी निवारण सम्बन्धी क्षेत्रीय एंव अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंगको सम्बन्ध,
- ❖ तोकिएका अन्य कार्य ।

### २. गरिबी निवारण शाखा

- ❖ गरिबी निवारण कोष सम्बन्धी,
- ❖ गरिबी निवारण सम्बन्धी मापदण्डको निर्धारण, रेखांकन (Mapping) तथा पहिचान गर्ने,
- ❖ गरिबीको स्थिती र अवस्था बारे अध्ययन र अनुसन्धान गर्ने,
- ❖ गरिबी निवारणका लक्षित कार्यक्रम संचालन र समन्वय गर्ने,
- ❖ गरिबी निवारणसंग सम्बन्धित राष्ट्रिय एंव अन्तर्राष्ट्रिय संघ संस्थासित सम्पर्क एंव समन्वय गर्ने,
- ❖ तोकिएका अन्य कार्य ।

### ३. अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा

- ❖ सहकारी संघ संस्थाको अनुगमन र नियमन,
- ❖ सहकारी सम्बन्धी अध्ययन अनुसन्धान,
- ❖ सहकारीको राष्ट्रिय तथ्यांक व्यवस्थापन,
- ❖ तोकिएका अन्य कार्य ।
- ❖ सहकारी एंव गरिबी निवारण सम्बन्धी कार्यक्रम/आयोजनाको अनुगमन तथा मूल्यांकन ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| सि.नं. | कामको विवरण | काम सम्पन्न गर्ने अवधि | सम्पर्क अधिकारी/महाशाखा प्रमुख/शाखा प्रमुख | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १. | मन्त्रालयसित सम्बन्धित सूचनाहरु उपलब्ध गराउने | १५ दिन भित्र | सूचना अधिकारी | सामान्य आकारको कागजमा सूचनाको लागि प्रतिपृष्ठ रु. ५।– ठूलो आकारको कागजमा सूचनाको लागि प्रतिपृष्ठ रु. १०।– प्रति डिस्केट, सिडि रु. ५०।– |
| २. | सम्पादित कार्यको भुक्तानी | १५ दिन भित्र | लेखा प्रमुख | नलाग्ने |
| ३. | धरौटी फिर्ता | १५ दिन भित्र | लेखा प्रमुख | नलाग्ने |
| ४. | भन्सार छुट सुविधा | ७ दिन | सहकारी प्रवर्द्धन शाखा प्रमुख | नलाग्ने |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

शाखा–महाशाखा–सचिवस्तर–मन्त्रीस्तर–मन्त्रीपरिषद्

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी–

| सि.नं. | कामको विवरण | सम्पर्क अधिकारी/महाशाखा प्रमुख/शाखा प्रमुख | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १. | मन्त्रालयसित सम्बन्धित सूचनाहरु उपलब्ध गराउने | सूचना अधिकारी | सचिव |
| २. | सम्पादित कार्यको भुक्तानी | लेखा प्रमुख | सचिव |
| ३. | धरौटी फिर्ता | लेखा प्रमुख | सचिव |
| ४. | भन्सार छुट सुविधा | सहकारी प्रवर्द्धन शाखा प्रमुख | सचिव |

## ९. सम्पादन गरेको कामको विवरणः

मिति २०७२।१०।१ देखि ०७२।१२।३० सम्म भएका प्रमुख कार्यहरु

- गरिबी निवारण सम्बन्धी सार्क विकास लक्ष्यको लेखाजोखा तथा प्रगति प्रतिवेदन तयार भई विभिन्न मन्त्रालय र निकायहरुमा राय प्रतिक्रियाको लागि पठाइएकोमा हाल राय प्रतिक्रिया प्राप्त भई परामर्शदाताहरुलाई उक्त राय प्रतिक्रियाहरु Update को लागि लेखी पठाइएको र प्रतिवेदन प्राप्त भएपछि त्यसलाई अन्तिम रुप दिइने ।
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय नीतिलाई अन्तिम रुप दिन श्रीमान् सचिवज्यूको संयोजकत्वमा उच्च स्तरीय समन्वय समितिको गठन भई परिवर्तित नयाँ संविधान २०७२ र SDG को विषयवस्तु समेतलाई सम्बोधन गर्ने गरी आवश्यक परिमार्जनको काम भइरहेको ।
- गरिबी निवारण सम्बन्धी कार्यक्रमहरुको संभाव्यता अध्ययन परामर्श सेवा मार्फत् गराउन कार्यक्षेत्रगत शर्त (TOR) स्वीकृत भै परामर्श सेवा खरिदको लागि मिति २०७२।९।१४ मा राष्ट्रिय दैनिक

कान्तिपुरमा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्तावहरु लिएको र मूल्यांकन समितिबाट प्रस्ताव मूल्यांकनको कार्य सम्पन्न भई प्रदेश नं. ५,६ र ७ को लागि आशयपत्रदाताहरु छनौट भई RFP जारी गरिएको र अन्य प्रदेशको हकमा पुन: आशयपत्र लिने तयारी भईरहेको ।

- ❖ गरिबी निवारण सम्बन्धी असल अभ्यास अध्ययन तथा प्रोफाइल तयार गर्नको लागि उपयुक्त ढाँचा (Format) तयार गरी गरिबी न्यूनीकरण गर्न सफल भएका आयोजना तथा कार्यक्रमहरुलाई असल अभ्यासको रुपमा स्थापित गरी मुलुकको विभिन्न भागमा यस्ता सफल अभ्यासहरुलाई पुनरावृत्ति (Replicate) गर्ने प्रयोजनको लागि सम्बन्धित विभिन्न निकाय तथा मन्त्रालयहरुमा पत्राचार गरिएको र सो सम्बन्धी विवरण प्राप्त गर्ने ढाँचा मन्त्रावलयको बेवसाइट: www.mocpa.gov.np मा समेत राखिएको ।
- ❖ मन्त्रालयस्तरिय विकास समस्या समाधान समिति तथा आ.व. २०७२।७३ को दोश्रो चौमासिक प्रगति समिक्षा बैठक २०७३।०१।०९ मा सम्पन्न भएको । उक्त बैठकबाट देहायका निर्णयहरु भएको ।
  - समस्याग्रस्त सहकारीहरुको सम्पति व्यवस्थापन समिति गठन गर्ने लगायका कार्यको लागि सहकारी ऐन २०७२ को मस्यौदा संसदबाट यथाशीघ्र पारित गराउनका लागि पहल गरिदिन अनुरोध गर्ने ।
  - गरिबी निवारण सँग सम्बन्धित गरिबी निवारण कोष र युवा तथा साना व्यवसायी स्वरोजगार कोषा सम्बन्धी कार्यक्रम यस मन्त्रालय मातहतमा ल्याउन आवश्यक पहल वगरिदिन अनुरोध गर्ने ।
  - गरिबी निवारणको कार्य समेत गर्ने गरी सहकारी तथा गरिबी निवारण मन्त्रालय , सिहकारि विभाग, केन्द्रीय सहकारी प्रशिक्षणा केन्द्र र जिल्लास्थित कार्यालयहरुको संख्यात्मक संरचनामा परिवर्तन गर्न आवश्यक पहलका लागि अनुरोध गर्ने ।
- ❖ अनुगमन कार्यलाई परिष्कृत र समयसापेक्ष बनाउन अनुगमन कार्यविधि २०६९ को दफा ५ (ख) र ८ (१) सँग सम्बन्धित म्नत्रालय अन्तर्गत कार्यालयहरु तथा आयोजनाहरुको अनुगमन प्रतिवेदनमा नसमेटिएका विषयहरु र यस मन्त्रालय तथा अन्तर्गतका निकायको आ .व.२०७२।७३ को स्वीकृत वार्षिक कार्यक्रम समेत समेटी अनुगमन फरम्याट तयार भएकोमा सोही ढाँचाबमोजिम २०७२ पुष मसान्तदेखि २०७३ वैशाख १० सम्म १५ वटा डिभिजन सहकारी कार्यालयको अनुगमन तथा निरीक्षण गरिएको ।
- ❖ चालु आ.व. को मध्यावधि मूल्याङ्कन प्रतिवेदन , आ.व. २०७२।७३ को बजेटको नीति तथा कार्यक्रमहरुको कार्यान्वयन योजनाको मासिक प्रगति, श्वेतपत्र कार्यान्वयन कार्ययोजनको प्रगतिय पाक्षिक रुपमा अर्थ मन्त्रालयमा तथा कार्यसम्पादन सूचकांको कार्यान्वयनको मासिक प्रगति विवरण र तत्काल सुधार कार्ययोजनाको कार्यान्वयनको मासिक प्रगति प्र .म. तथा म.प. को कार्यालयमा नियमित रुपमा उपलब्ध गराइएको ।
- ❖ केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रलाई स्वायत्तता प्रदान गर्न राष्ट्रिय सहकारी प्रतिष्ठानको रुपमा स्थापना र सञ्चालयन गर्न अध्ययन (सेवा करार तथा अध्ययन, सर्वेक्षण तथा अनुसन्धान) सम्बन्धमा TOR निर्माण भई खरिद इकाईमा गएको ।

- ❖ सहकारी सुशासन तथा नियमन (लेखा नीति तयारी, लेखा सूची परिमार्जन तथा लेखा मापदण्ड तर्जुमा ) तथा नेपालीमा अनुवाद समेत (सेवा करार तथा अन्य ) सम्बन्धमा TOR निर्माण भई खरिद इकाईमा गएको र प्रस्ताव मूल्यांकनको चरणमा रहेको ।
- ❖ साझा यातायात, साझा स्वास्थ्य, साझा प्रकाशन, साझा पसल र साझा भण्डारलाई पूर्णरुपमा सहकारीकरण गर्ने सम्बन्धी अध्ययन (सेवा करार तथा अन्य) सम्बन्धमा TOR निर्माण भई खरिद इकाईमा गएको ।
- ❖ सहकारी सम्बन्धी पूर्वाधार निर्माण (सहकारी बहुउद्देश्यीय सामुदायिक भवन लगायत ) तथा ठूला उद्योगहरुको सम्भाव्यता अध्ययन (सेवा करार तथा अन्य ) सम्बन्धमा OR निर्माण भई खरिद इकाईमा गएको ।
- ❖ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा उत्कृष्ट सहकारी संघसंस्था , उत्कृष्ट महिला, युवा तथा दलित सहकारीकर्मी , सहकारी क्षेत्रमा कार्यरत राष्ट्रसेवक , सहकारी पत्रकार , सहकारी सम्बन्धि उत्कृष्ट लेखरचना र डकुमेन्ट्रीलाई पुरस्कारका सम्बन्धमा आवेदन प्राप्त भई मूल्यांकनको लागि गठित मूल्यांकन समितिबाट मूल्यांकनको काम भइरहेको ।
- ❖ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत तत्काल सुधार कार्ययोजनामा समाविष्ट सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित सुधार कार्ययोजना कार्यान्वयनका लागि जिम्मेवार निकाय वा शाखा तोकी कार्यान्वयन गर्न र प्रगतिविवरण पठाउन लेखी पठाएको ।
- ❖ राष्ट्रिय सहकारी विकास बोर्डको पुल्चोकस्थित निर्माणाधीन कार्यालय भवनको निर्माणका लागि थप बजेट निकासाका लागि अर्थ मन्त्रालयमा लेखी पठाएको ।
- ❖ राष्ट्रिय सहकारी विकास बोर्डको चालु आ .व. को स्वीकृत वार्षिक कार्यक्रम संशोधन स्वीकृत भई कार्यान्वयनका लागि लेखी पठाएको ।
- ❖ आगामी आ.व. २०७३।७४ को लागि सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्तर्गत निकाय समेतको नेपाल सरकार र वैदेशिक स्रोततर्फको प्रक्षेपित बजेट सिलिङ अर्थ मन्त्रालयमा पठाएको ।
- ❖ व्यवस्थापिका संसद अर्थ समितिमा सहकारी तथा गरिबी निवारण मन्त्रालयको भावी कार्ययोजना पठाएको ।
- ❖ COPOMIS को Pilot Testing को अनुगमन गरी प्रतिवेदन प्राप्त भएको ।
- ❖ आर्थिक वर्ष २०७३।७४ को लागि बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा मन्त्रालयमा शाखाहरुमा लेखी पठाएअनुसार प्राप्त बजेट तथा कार्यक्रम LMBIS प्रविष्टि गरिएको ।
- ❖ COPOMIS UAT को लागि समिति गठन गरी सो कार्य भईरहेको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

प्रमुखको नामः श्री शंकरप्रसाद अधिकारी

पदः सचिव

सम्पर्क नं.४२११८६०

मोबाइल नंः. ९८५११२४७५३

इमेलः sadhikari2005@hotmail.com

सूचना अधिकारीको नामः श्री भरतप्रसाद आचार्य

पदः उप–सचिव

सम्पर्क नं.४२११६५७

मोबाइल नं. ९८४१३९९०७२

इमेलः bharatpacharya@hotmail.com

### ११. ऐन, नियम, विनियम, निर्देशिकाको सूची –

सहकारी तथा गरिबी निवारण मन्त्रालयसंग सम्बन्धित नीति, ऐन र नियमहरु निम्नानुसार रहेका छन्ः

(क) सहकारी ऐन, २०४८

(ख) सहकारी नियमावली, २०४९

(ग) राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९

(घ) राष्ट्रिय सहकारी नीति २०६९

(ङ) सहकारी नियमन सम्बन्धी मापदण्ड, २०६८

(च) गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका, २०६९

## १२. आम्दानी ,खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः

नेपाल सरकार

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिङ्हदरबार

**खर्चको फांटवारी**

बजेट शिर्षक कोडः- ३५२०११-३ आ.ब.-२०७२/२०७३

बजेट शिर्षक नामः-सहकारी तथा गरिवी निवारण मन्त्रालय महिनाः- चैत्र

| महिनाको खर्च | मसान्त सम्मको निकासा | रकम नं. | शिर्षक | वार्षिक बजेट | मसान्त सम्मको खर्च | बांकि बजेट | निकासा बांकि |
|---|---|---|---|---|---|---|---|
| ९४३५४२.०० | | २१११ | तलब | १८४४००००.०० | ९८३८९२४.०० | ८६०१०७६.०० | |
| ३६०००.०० | | २१११३ | महंगी भत्ता | ५५२०००.०० | ३३७५९८.०० | २१४४०२.०० | |
| १८२५०.०० | | २१११९ | अन्त भत्ता | ३०००००.०० | २२२६२५.०० | ७७३७५.०० | |
| २७००००.०० | | २११२१ | पोशाक | ३४५०००.०० | २७००००.०० | ७५०००.०० | |
| ५१६७९.०० | | २२१११ | पानी तथा विजुली | ९७७०००.०० | ३७७१३४.०० | ५९९८६६.०० | |
| ७१३९.०० | | २२११२ | संचार महसूल | ४८००००.०० | २५५४०.०० | ४५४४६०.०० | |
| ९६०३५.०० | | २२२११ | इन्धन | १८१६०००.०० | ११३४९१३.०० | ६८१०८७.०० | |
| ३५०४९३.०० | | २२२१२ | संचालन तथा मर्मत संभार | १६०००००.०० | ११६२२७९.०० | ४३७७२१.०० | |
| १४४५००.०० | | २२२१३ | बीमा | २०००००.०० | १४४५००.०० | ५५५००.०० | |
| १७५६६९.०० | | २२३११ | कार्यालय सम्बन्धी खर्च | १८०००००.०० | ६९०९९०.०० | ११०९०१०.०० | |
| | | २२३१४ | इन्धन- अन्य प्रयोजन | १५५०००.०० | | १५५०००.०० | |
| ७७००.०० | | २२४११ | सेवा र परामर्श खर्च | ४३१०००००.०० | ९३४६७४.०० | ४२१६५३२६.०० | |
| २३८७०५.०० | | २२४१२ | अन्य सेवा शुल्क | ३४६८०००.०० | २५४०३९१.०० | ९२७६०९.०० | |
| | | २२५११ | कर्मचारी तालिम | १२०००००.०० | १६९५०.०० | ११८३०५०.०० | |
| ३०४००.०० | | २२५१२ | सीप विकास र जनचेतना तालिम तथा गोष्ठी | १९४००००.०० | १७३३०५.०० | १७६६६९५.०० | |
| १४१७१५.०० | | २२५२२ | कार्यक्रम खर्च | १८५५१०००.०० | २०४७०६२.०० | १६५०३९३८.०० | |
| २०६८३३.०० | | २२६११ | अनुगमन, मूल्यांकन खर्च | २६७००००.०० | ६९३४०३.०० | १९७६५९७.०० | |
| १०५००.०० | | २२६१२ | भ्रमण खर्च | २५००००.०० | १२५००.०० | २३७५००.०० | |
| ४७१८७.०० | | २२७११ | विविध खर्च | ७५११५०.०० | ४४४९७२.०० | ३०६१७८.०० | |
| | | २२९११ | भैपरी आउने चालु खर्च | १०००००००.०० | | १०००००००.०० | |
| | | २६४१३ | अन्य संस्था तथा व्यक्तिलाई चालु अनुदान स:शर्त | ४०००००.०० | | ४०००००.०० | |
| | | २२५२९ | अन्य कार्यक्रम खर्च | ६०००००.०० | २६४६१७.०० | ३३५३८३.०० | |
| २७७६३४७.०० | | | यस महिना सम्मको जम्मा | १०९५९५१५०.०० | २१३३२३७७.०० | ८८२६२७७३.०० | |

**कोषको अवस्था**

| यस महिना सम्मको निकासा: | | बकैको नाम:- - | | बकै खाता नं.:- - | |
|---|---|---|---|---|---|
| जम्मा खर्च:- | २१३३२३७७.०० | बैक बांकि:- | ०.०० | सापटी तिर्न बांकि :- | .०० |
| जम्मा पेश्की बंकि:- | १४७४०००.०० | नगद बांकि:- | .०० | सापटी आउन बांकि :- | .०० |
| खुद खर्च पेश्की कटाई:- | १९८५८३७७.०० | जम्मा बांकि:- | .०० | दाखिला बांकि :- | .०० |

तयार गर्ने- पेश गर्ने- सदर गर्ने- आ.लपे गर्ने- म.लपे गर्ने-

नेपाल सरकार

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिङ्हदरबार

## खर्चको फांटवारी

बजेट शिर्षक कोड:- ३५२०११-४ | आ.व:-२०७२/२०७३

बजेट शिर्षक नाम:-सहकारी तथा गरिवी निवारण मन्त्रालय | महिना:- चैत्र

| महिनाको खर्च | मसान्त सम्मको निकासा | रकम नं. | शिर्षक | वार्पिक बजेट | मसान्त सम्मको खर्च | बांकि बजेट | निकासा बाकि |
|---|---|---|---|---|---|---|---|
| | | २९३११ | फर्नीचर तथा फिक्चर्स | ५०००००.०० | ८८०२७.०० | ४११९७३.०० | |
| | | २९५११ | मेशिनरी औजार | ४७०००००.०० | ५८२००.०० | ४६४१८००.०० | |
| | | २९६२१ | पूंजीगत सुधार खर्च - सार्वजनिक निर्माण | ३००००००.०० | | ३००००००.०० | |
| | | २९७११ | पूंजिगत अनुसन्धान तथा परामर्श | २५०००००.०० | | २५०००००.०० | |
| | | यस महिना सम्मको जम्मा | | १०७०००००.०० | १४६२२७.०० | १०५५३७७३.०० | |

### कोषको अवस्था

| यस महिना सम्मको निकासा: | | बकैको नाम:- - | | बकै खाता न.:-- | |
|---|---|---|---|---|---|
| जम्मा खर्च:- | १४६२२७.०० | बैक बांकि:- | ०.०० | सापटी तिर्न बांकि :- | .०० |
| जम्मा पेश्की बकि:- | .०० | नगद बांकि:- | .०० | सापटी आउन बांकि :- | .०० |
| खुद खर्च पेश्की कटाई:- | १४६२२७.०० | जम्मा बांकि:- | .०० | दाखिला बांकि :- | .०० |

तयार गर्ने- पेश गर्ने- सदर गर्ने- आ.लपे गर्ने- म.लपे गर्ने-

**१३. तोकिए बमोजिमका अन्य विवरणः– x**

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :–**

आ. व. २०७१/०७२ मा मन्त्रालयबाट सम्पादन गरेका प्रमुख कार्यहरुको सारांश निम्नानुसार छन्ः–

सहकारी नीति २०६९, को कार्यान्वयनको लागि कार्ययोजना तयार भएको ।

- ❖ सहकारी प्रचार प्रसारका लागि उदाहरणीय सहकारीहरु मध्ये इलामको ईको चिया सहकारी संस्था लिमिटेड र झापा जिल्लाको साना कृषि सहकारी संस्था लिमिटेड सम्बन्धि वृतचित्र निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।
- ❖ सन् २०१३ मा भएको सार्कस्तरीय गरिबी निवारणसम्बन्धी क्षेत्रीय सम्मेलनको निर्णयहरु मध्ये सन् २००५ देखि २०१२ सम्मको सार्क विकास लक्ष्यको २२ वटा सूचकहरुको राष्ट्रिय प्रगति प्रतिवेदन तयार गरिएको छ भने लमजुङको नमूना घले गाउँको प्रोफाईल तयारी गरी सार्क सचिवालयमा पठाईएको छ ।
- ❖ सहकारी र गरिबी निवारणसम्बन्धी व्यवस्थापन सुचना प्रणाली (Cooperative and Poverty Management Information System (COPOMIS) को Software तयार भएको छ भने मातहतका ३८ सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयरडिभिजन सहकारी कार्यालयहरुमा लागू गर्न पूर्वाधार तयार गर्न सूचना प्रविधिसम्बन्धी कम्प्युटर, फोटोकपी, फ्याक्स, स्क्यानर, यूपिएस, प्रिन्टर, प्रोजेक्टर, ल्यापटप तथा नेटवर्किंगको कार्य सम्पन्न भैसकेको छ । त्यस्तै प्रतिवेदन प्रविष्टी गर्ने फर्म तथा ढाँचा अन्तिम रुपमा स्वीकृत गरी सो को सफ्टवेयर तयार भएको ।
- ❖ राष्ट्रिय सहकारी नीति, २०६९ को व्यवस्थाअनुसार केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रलाई राष्ट्रिय सहकारी प्रतिष्ठानको रुपमा विकास गर्न चिनिया सरकारका स्थानीय अधिकारीहरुसंग छलफल गरी चीन सरकारको लगानीमा त्गचलपभथ एचयवभअत को रुपमा सो केन्द्रको भौतिक पूर्वाधार विकासको लागि अर्थ मन्त्रालय मार्फत नेपालस्थित चिनियाँ दूताबासमा अनुरोध भै लगानीको लागि वातावरण तयार गरिएको छ ।
- ❖ सहकारी संघसंस्थाहरुको असल अभ्यास (Best Practice) र कमजोर (Weaknesses) पक्षहरुको बारेमा सहकारी पत्रकार समाजलाई जानकारी गराउने र सही विवरणहरु साधारण जनमानसलाई सम्प्रेषण गर्ने कार्य प्रभावकारी बनाउनको लागि विभिन्न जिल्लाहरुको स्थलगत अध्ययन अवलोकन गराउने कार्यसम्पन्न भई विद्युतीय, छापा र अनलाइन माध्यममा प्रचारप्रसार भएको र अवलोकन प्रतिवेदन समेत प्राप्त भइसकेको छ ।
- ❖ १५ वटा सहकारी संघसंस्थाका पदाधिकारी तथा कर्मचारीहरूले सहकारी प्रशिक्षण केन्द्रमा प्राप्त गरेको तालिम प्रभावकारिताको अनुगमन गरी सोको प्रतिवेदन समेत तयार भएको,
- ❖ २९ ओटा सहकारी प्रशिक्षण डिभिजन कार्यालय रडिभिजन सहकारी कार्यालयहरुको अनुगमनको प्रतिवेदन तयारीको कार्य सम्पन्न भएको,
- ❖ अन्तराष्ट्रिय सहकारी दिवस सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय सहकारी संघको संयुक्त आयोजनामा मनाइयो भने अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस (१६ अक्टोवर) संयुक्त राष्ट्र संघ विकास कार्यक्रम तथा मन्त्रालयको संयुक्त तत्वावधानमा विशेष कार्यक्रम गरी संयुक्त रूपमा मनाइयो ।

❖ मन्त्रालय तथा अन्तर्गत निकायको आर्थिक वर्ष २०७१।७२ को वित्तीय तथा भारित प्रगति विवरण:

| क्र.सं. | आयोजना र कार्यक्रमको नाम | प्राथमिकता | बजेट उपशीर्षक नं. | बार्षिक वजेट रु. हजारमा | बार्षिक खर्च रु. हजारमा | खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सहकारी तथा गरिवी निवारण मन्त्रालय | $P_1$ | ३५२०११-३/४ | ९००७४ | ६३२९८ | ७०.२७ | ८१.३४ |
| २ | सहकारी विभाग | $P_1$ | ३५२०१७-३ | १५४९७ | १५११९ | ९७.५६ | |
| ३ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना | $P_1$ | ३५२१३४-३/४ | १९५०४९ | १७१९४७ | ८८.१६ | ८८.९८ |
| ४ | सहकारी प्रशिक्षण केन्द्र | $P_1$ | ३५२१३३-३/४ | ५६०२५ | ५३२०६ | ९४.९७ | १०० |
| ५ | सहकारी डिभिजन कार्यालय | $P_1$ | ३५२०१८-३ | १८७८६३ | १८७८६३ | १०० | |
| ६ | पश्चिम उच्च गरिबी निवारण आयोजना | $P_1$ | ३५२८१२-३/४ | ५०५६०४ | ४६४९०१ | ९१.९५ | ९३.१८ |
| ७ | राष्ट्रिय सहकारी विकास वोर्ड | $P_2$ | ३५२०१९ | ९१४९३ | ६०००० | ६५.५८ | ५९.०९ |
| जम्मा | | | | **११४१६०५** | **१०१६३३४** | **८९.०३** | |

- **बेरुजूको स्थितिः**

सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्तर्गतका निकायहरूको आ. व. २०७१।७२ सम्मको बेरुजु र

जम्मा बेरुजू (रु. हजारमा) - ६९१८८

जम्मा फछ्र्यौट (रु. हजारमा) - ३९१९२

जम्मा फछ्र्यौट (प्रतिशत) - ५६.६४

सुशासन सम्बन्धीका कार्यः मन्त्रालयले सुशासन सम्बन्धमा निम्न कार्यहरू गरेको छः

❖ मन्त्रालयसंग सम्बन्धित जानकारीहरू मन्त्रालयको वेभसाइट www.mocpa.gov.np मा राखी समय समयमा अद्यावधिक गर्ने गरिएको छ ।

❖ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गर्नुपर्ने विवरण हरेक ३र३ महिनामा सार्वजनिक गर्ने गरिएको छ ।

❖ मन्त्रालयमा एक सूचना अधिकारी तोकी संविधान प्रदत्त सूचनाको हकअनुसार माग भएका सूचनाहरू सूचना अधिकारीमार्फत प्रदान गर्ने गरिएको छ ।

❖ प्रवक्ता एवं सहायक प्रवक्ता तोकी मन्त्रालय सम्वद्ध जानकारीहरू समय समयमा प्रवक्तारसहायक प्रवक्तामार्फत सार्वजनिक गर्ने गरिएको छ ।

- ❖ मन्त्रालय सम्वद्ध गतिविधिहरूका सम्बन्धमा पत्रकारहरूसंग अन्तर्क्रिया गर्ने गरिएको छ ।
- ❖ मन्त्रालय र मातहत निकायहरूसंग सम्बन्धित परेका उजुरी एवं गुनासोहरू उपर समयमा नै सुनुवाई एवं छानविन गरी फछ्र्यौटरकारवाही गर्ने गरिएको छ ।
- ❖ मन्त्रालय र मातहत निकायबाट प्रदान गरिने सेवा सुविधा र सो का लागि जिम्मेवार पदाधिकारीहरू सम्बन्धमा नागरिक बडापत्र राखी सर्वसाधारणलाई जानकारी गराइएको छ ।

- **सहकारी विभागः (सहकारी प्रशिक्षणरडिभिजन कार्यालयहरू)**

यस विभागको उपलब्धि निम्नानुसार रहेको छः

- ✓ **सहकारी संस्थाको दर्ता, खारेजी, लिक्वीडेशन र एकिकरणः** देशभर आ। व। २०७१र०७२ मा १९२६ सहकारी संस्था दर्ता गरिएको, ४५३ वटा निष्कृय संस्थाको दर्ता खारेजी गरिएको, १३ वटा लिक्वीडेशन र ९५ सहकारी संस्था एकिकरण गरी ३५ वटा सहकारी संस्था कायम गरिएको छ ।
- ✓ **अनुगमनर सघन अनुगमनः** सहकारी विभागवाट ११० वटा सहकारी संस्थाहरुको सघन अनुगमन र जिल्लास्तरका कार्यालयहरुवाट ३९३५ सहकारी संस्थाहरुको अनुगमन गरिएको छ।
- ✓ **भवन निर्माणः** डिभिजन सहकारी कार्यालय सर्लाही र मोरङ्गको कार्यालय भवन निर्माण भएको , धादिङ्ग डिभिजन सहकारी कार्यालयको भवन निर्माणाधिन अवस्थामा रहेको र बर्दिया जिल्लाको भवनको निर्माण सम्झौता भएको छ ।
- ✓ अनुदान तर्फ सहकारी साझेदारीमा उद्योग स्थापना गर्न ७० वटा सहकारी उद्यमलाई रु २ करोड २३ लाख ७५ हजार, राष्ट्रिय सहकारी संघ समेतको लागि रु ३० लाख ७५ शितभण्डार निर्माणको रु १ करोड ९६ लाख २५ हजार अनुदान वितरण गरिएकोछ । सहकारी संघसंस्थाहरुको लागत सहभागितामा चितवन र स्याङ्जामा सहकारी शीतभण्डार निर्माणको काम अगाडि बढाइएको छ ।
- ✓ **सचेतना सम्बन्धी कार्यः** सहकारी सचेतना पुस्तिका, सहकारी सदस्य शिक्षा माला, सहकारी ऐन नियम तथा मापदण्ड सँगालो प्रकाशन, सहकारी दर्पण प्रकाशन, सहकारीको संक्षिप्त परिचय नामक अंग्रेजी पुस्तिका र सहकारी ब्रोसर प्रकाशन गरिएको छ ।
- ✓ **गोष्ठीः** क्षेत्रीय स्तरमा २ वटा सूचना व्यवस्थापन तथा वजेटरकार्यक्रम तर्जुमा गोष्ठी सम्पन्न ।
- ✓ सहकारी संस्थाहरूको प्रोफाइलः नेपालभर संचालित संघसंस्थाहरुको तथ्यांक कम्प्युटर प्रणालीबाट अद्यावधिक गरी नेपालको सहकारी संस्थाहरुको एकिकृत तथ्यांकीय विवरण तथा जिल्ला प्रोफाईल प्रकाशन ।
- ✓ **सहकारी सूचनाः** सहकारी जागरणको लागि एउटा बृत्तचित्र निर्माण भएको, दुईओटा जिङगल निर्माण भएको, ४८ वटा श्रव्यरदृश्य रेडियो तथा टेलिभिजनमा प्रशारण भएको तथा ५१ पटक सहकारी सूचना प्रकाशन भएको छ ।
- ✓ **अनुगमन निरीक्षणः** ३६ वटा डिभिजन सहकारी कार्यालयहरुको अनुगमन तथा निरिक्षण गर्ने कार्य सम्पन्न भएको ।
- ✓ **तालिम सम्पन्नः** सहकारी सुदृढीकरण कार्यक्रम तर्फ डिभिजन सहकारी कार्यालय मार्फत ३९९ पूर्व सहकारी शिक्षा तालिमबाट ९९७५ जनालाई एक दिने प्रशिक्षण प्रदान, २८१ सहकारी सचेतना तालिमबाट ७७२५ जनालाई २ दिने तालिम प्रदान, २४२ सहकारी लेखापालन तालिमबाट ६०५० जनालाई ६ दिने

तालिम प्रदान र ९९ वटा आधारभूत सहकारी व्यवस्थापन तालीमबाट २४७५ जनालाई ६ दिने तालिम गरी २६२२५ जनालाइ तालिम प्रदान गरिएको छ ।

- **गरीब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयः**
  - ✓ **गरिबी घरपरिवार सर्भेक्षणको डाटा इन्ट्रीः** अछाम , बझाङ, बाजुरा, कैलाली, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालीकोट,जाजरकोट, बर्दिया, रुकुम, रोल्पा, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, तनहूँ, बाग्लुङ, गोरखा, रामेछाप, सिन्धुली, रौतहट, सिराहा, खोटाङ, भोजपुर गरी २५ जिल्लाहरुमा गरिब घरपरिवार पहिचान सर्भेक्षणको कार्यको डाटा ईन्ट्रीको कार्य सम्पन्न भएको छ ।
  - ✓ **गरिब घरपरिवारको प्रारम्भिक पहिचानः**२५ जिल्लाहरुमा १२,४०,३५० घरपरिवारहरुको सर्वेक्षणबाट प्राप्त तथ्यांकको विश्लेषण समेत गरी कुल ३,५६,४१८ घरपरिवारहरु प्रारम्भीक रुपमा गरीब घरपरिवार पहिचान भएको छ। पहिचान भएका घरपरिवारहरूका सम्बन्धमा स्थानीय तहमा गुनासो सुनुवाई पश्चात स्थानीय तहबाट प्राप्त सुझाब एवं सिफारिसका आधारमा गरीब घरपरिवार सहयोग समन्वय वोर्डबाट अन्तिम रुपमा गरिब घरपरिवारको पहिचान गरिने छ।
  - ✓ **सामाजिक सुरक्षणः** १५ वटा मन्त्रालयहरुसंगको ३ वटा अन्तर्क्रिया सम्पन्न भै सामाजिक सुरक्षणको डाटावेश तयार गर्ने कार्य भै रहेको छ ।
  - ✓ **कार्यविधिरनिर्देशिका तयारी र जारीः** गरीब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका, २०६९ र कार्यविधि ,२०६९ जारी भएको छ भने सो को कार्यविधिको पहिलो संशोधन ९२०७२० गरी गरिब घरपरिवार पहिचान गर्ने विधि र मापदण्डमा परिमार्जन गरिएको छ र गरिब घरपरिवार पहिचान सम्बन्धि आर्थिक निर्देशिका, २०६९ मा दोस्रो संशोधन गरी कार्य प्रणालीमा सुधार एवं परिमार्जनको लागि पहल भएको छ साथै गुनासो सुनुवाई मार्गनिर्देशिका , २०७२ स्विकृत भई सो मार्गनिर्देशिका अनुसार पहिचान भएका प्रारम्भिक घरपरिवारहरुको सूची माथी स्थानीय जिल्ला तहमा गुनासो सुनुवाई कार्य हुने अवस्थामा पुगेको छ।
  - ✓ **परिचयपत्रको ढाँचा संकलनः** परिचयपत्रको ढाँचा तय गर्ने सम्बन्धमा नेपाल सरकारका विभिन्न मन्त्रालयरविभागहरुबाट तयार भएका आ-आफ्नो मन्त्रालयबाट जारी भएका नमुना परिचयपत्र र परिचयपत्र वितरणको कार्यविधि प्राप्त गर्ने कार्य भएको छ ।

## १५. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण :-

www.mocpa.gov.np

## १६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता , ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः–

### (क) कार्यक्रम/आयोजनाको नामः पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना

### १. परिचय

पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयुक्त प्रयास एवं जिम्मेवारी र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agricultural Development) को ऋण तथा अनुदान सहयोगमा सुदुर पश्चिम र

मध्यपश्चिमान्चलका आठबटा जिल्लाहरुका १५३ वटा गा.वि.स.हरुमा अति विपन्न तथा गरिव वर्गहरुलाई लक्ष्यित गरी संचालन भईरहेको छ ।

यस कार्यक्रमका तीन तरणहरुमध्ये दुईवटा चरणहरु तत्कालिन स्थानिय विकास मन्त्रालयबाट सम्पन्न भएको र कार्यक्रमको तेस्रो चरण आर्थिक वर्ष २०६९।७० देखि सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट संचालन भईरहेको छ । संझौता बमोजिम यस आयोजनाको तेस्रो चरणको चारवर्षे अवधि आगामी सन् २०१६ को जुन महिनासम्म रहेको छ ।

**२. आयोजनाको लक्ष्य एवं उद्देश्य**

यस आयोजनाले कार्यक्षेत्र भित्रका गा.वि.स.हरुमा वसोवास गर्ने अति विपन्न वर्ग तथा आर्थिक तथा सामाजिकरुपले पछाडि परेका वर्गहरुका घरपरिवारहरुको पहिचान गरी त्यस्ता घरपरिवारहरुको जीविकोपार्जनलाई दिगो बनाउने तथा न्युनतम् आत्मसम्मानका साथ जीवन निर्वाह गर्न सहयोग पुर्याउने लक्ष्य रहेको छ । यस लक्ष्य प्राप्तिका लागि विपन्न घरपरिवारहरुको रोजगारी, आय, सम्पत्ति तथा पोषणसम्बन्धी सूचकांकहरुमा सुधार गर्न मध्य तथा सुदुर पश्चिमान्चल विकास क्षेत्रका आठबटा (बझाङ्ग , बाजुरा, हुम्ला, कालिकोट, रुकुम, रोल्पा, दैलेख र जाजरकोट) जिल्लाहरुमा प्रस्तुत कार्यक्रम संचालन भईरहेको छ । जसअनुरुप यस कार्यक्रमको कार्यान्वयनबाट लक्ष्यित घरपरिवारको घरेलु सम्पत्तिको स्वामित्वको सूचकांकमा २० प्रतिशतले बृद्धि हुने र वर्तमान बाल कुपोषणमा ८० प्रतिशतले कमी आउने उद्देश्य लिइएको छ ।

**३.** यस आयोजनाका लागि आर्थिक वर्ष २०७२।७३ मा जम्मा बजेट रु. ५१ करोड ३९ लाख ९६ हजार रहेको सो मध्ये नेपाल सरकारको स्रोततर्फ २० करोड ६१ लाख ९८ हजार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agricultural Development) को ऋण सहयोग तर्फ रु. ३० करोड ७७ लाख ९८ हजार रहेको छ ।

**(ख) कार्यक्रम/आयोजनाको नामः** Nepal- German Cooperation Program, The Inclusive Development of Economy (INCLUDE)

**१.** अर्थ मन्त्रालय , उद्योग मन्त्रालय र GIZ बीच भएको समझदारी अनुरुप आर्थिक वर्ष २०७१।७२ मा INCLUDE कार्यक्रम अन्तर्गत GIZ बाट यस मन्त्रालयलाई प्राविधिक सहयोग प्राप्त भएको । यस कार्यक्रम अन्तर्गत GIZ बाट सार्वजनिक खरिद विज्ञ र सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (Coperatives and Poverty related Management Information System) मा सहजीकरण गर्न सूचना प्रविधि विज्ञ उपलव्ध गराउने कार्य भएको छ । साथै यस कार्यक्रम अन्तर्गत प्युठान , दाङ्ग, सुर्खेत, बाँके र कैलाली जिल्लाका उत्पादनमूलक सहकारी संस्थाहरुको बजारीकरण सहयोग अन्तर्गत मूल्य श्रृंखला अभिबृद्धि गर्ने कार्यक्रम रहेको छ ।

**२.** साथै आर्थिक वर्ष २०७१।७२ मा राष्ट्रिय सहकारी नीति , २०६९ को कार्यान्वयन कार्ययोजना तयार र मन्त्रालय तथा मातहत निकायहरुको क्षमता अभिबृद्धि गर्ने कार्यका लागि आवश्यकता पहिचान सम्बन्धी अध्ययन प्राविधिक सहयोग अन्तर्गत सम्पन्न भएको छ । साथै यस अवधिमा Review of the Cooperative Sector in Nepal, Study of Capacity Development Program सम्पन्न भई हालसम्म मन्त्रालयलाई सूचना प्रविधि विज्ञको सहायता प्राप्त भइरहेको छ ।

३. INCLUDE Operational Plan,२०१४ बमोजिम माथि उल्लेखित विषय समेतमा सन् २०१५ का निमित्त Management Information System (MIS), Policy Review, Donor Coordination (Support towards developing a strategic plan) तथा Capacity Development का लागि प्राविधिक सहयोग रहेको छ ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः** – दफा ९, १२ र १४ मा उल्लेख भइसकेको ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि-** ×

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः** – यस अवधिमा सूचनाको माग सम्बन्धी निवेदन नपरेको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**– X